**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
**मितिः २७ अप्रेल २०२४**
**समयः १८:५० – १९:०० बजे**
**प्रमुख समाचार**

**प्रमुख समाचार**

१. गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालमा भारत विश्वको शीर्ष तीन अर्थतन्त्रमा सामेल हुने विश्वास व्यक्त गर्नु भएको छ ।

२. सीबीआईले सन्देशखालीमा फेरि छापा मारेको छ, यसपटक पनि सीबीआई अधिकारीले अघिबाटै पक्राउ परेका शाहजहान शेखका नजिकको आफन्तको घर र दोकानमा छानबिन गर्न पुगेका थिए ।

३. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जी फेरि एकपटक चोटिल हुनु भएको छ, हेलिकप्टरमा चढ्ने क्रममा उहा लडेर चोटिल हुनु भएको छ ॰

४. बंगालको रायगञ्जए बालुरघाट र दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रमा हिज 75.59 प्रतिशत मतदान भयो ॰

५. दार्जीलिंग लोकसभा आसनमा हिज मतदान सकिएपछि आज ईभीएम मशिनहरु स्ट्रङ रुममा राखिएको छ भने स्ट्रङ रूमको दायित्व केन्द्रीय सुरक्षा बलले लिएको छ।

**गृहमंत्री अमित शाह**

गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालमा भारत विश्वको शीर्ष तीन अर्थतन्त्रमा सामेल हुने विश्वास व्यक्त गर्नु भएको छ । आज गुजरातको पोरबन्दरमा आयोजित जनसभालाई सम्बोधन गर्नु हुदै श्री शाहले धारा ३७० खारेजए राम मन्दिर निर्माणए आतंकवाद र नक्सलवादको खतरासँग सफलतापूर्वक सामना गर्न र देशमा शान्ति फैलाउने जस्ता ऐतिहासिक निर्णय गरेकोमा प्रधानमन्त्रीको प्रशंसा गर्नु भयो । शाहले कांग्रेस पार्टीले ध्रुवीकरण नीति र भोट बैंकको राजनीति गरेकोमा आलोचना गर्नु भयो । उहाले देशमा अवस्थित तीर्थस्थलहरूको पुनरुत्थानको लागि श्री मोदीको प्रशंसा पनि गर्नु भयो । अर्कोतिर ए कांग्रेस महासचिव प्रियंका गान्धी वाड्राले वलसाड जिल्लाको धरमपुरमा एक रैलीमाए विगत १० वर्षमा गरिब र आदिवासी जनतालाई अन्याय गरेको भन्नु हुदै भाजपाको आलोचना गर्नु भयो । उहाले आफ्नो पार्टीले चुनाव जितेमा सबै रिक्त सरकारी पद भर्ने पनि बताउनु भयो ।

****** ० ******

संदेशखाली सीबीआई 1

पश्चिम बंगालको सन्देशखालीमा भारी मात्रामा बन्दूकए गोला-बारूद र बम भेटिएदेखि यो क्षेत्र एक पल्ट फेरि चर्चामा छ। यसको निम्ति सीबीआईका साथै केन्द्रिय वाहिनी र नेशनल सिक्योरिटी गार्ड (एनएसजी) का जवानहरूलाई खटाइएको छ । एनएसजी कमान्डोजले विशेष प्रकारले डिजाइन गरिएको रोबोटको माध्यमले सन्देशालीमा खोजी अभियान

चलाएपछि बमहरूलाई जफत गरेर निष्क्रिय गरिएको छ । सीबीआईले जानकारी गराए अनुसारए राति १० बजीसम्म खोजी अभियान चलाइएको थियो । शाहजहां शेखका नजिकको आफन्त अबू तालेब मुल्लाको घरमा छापा मारिएको थियो। सीबीआईको तर्फबाट जारी आधिकारिक बयान अनुसारए ०५ जनवरीमा ईडी अधिकारीहरूको छापामारीमा शाहजहाँका मानिसहरूले हमला गरेर केन्द्रिय अर्धसैनिक बलहरू र ईडी अधिकारीहरूको समान र हतियार खोसेका थिए। त्यहाँबाट यस्तै धेरै सामाग्रीहरु जफत भएको छ। यहाँबाट शाहजहाँका धेरै सचित्र पहिचान पत्र र दस्तावेज जफत गरिएको छ। यस क्रममा तीन विदेशी रिवोल्वरए एक भारतीय रिवोल्वरए पुलिसद्वारा प्रयोग गरिने कोल्ट कम्पनीको रिवोल्वरए एक विदेशी पिस्तौलए एक देशी बन्दूकए नाइन मिमीको १२० गोलीए ५० कारतूस पोइन्ट ४५ केलिबरको १२० कारतूसए पोइन्ट ३८० को ५० कारतूसए पोइन्ट ३२ को आठ कारतूस जफत गरिएको छ।

****** ० ******

**संदेशखाली सीबीआई 2**

केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले सन्देशखालीमा फेरि छापा मारेको छ । यसपटक पनि केन्द्रीय अनुसन्धान एजेन्सीका अधिकारीले अघिबाटै पक्राउ परेका शाहजहान शेखका नजिकका आफन्तको घर र दोकानमा छानबिन गर्न पुगेका थिए । स्रोत अनुसार आज बिहान धेरै सीबीआई अधिकारी सन्देशखालीको राजबारी क्षेत्रमा गएका थिए भने तुफान नामका व्यक्तिको घरमा छापा मारिएको छ । सबैभन्दा पहिले अधिकारीहरू उनको दोकानमा गए। त्यसपछि तुफानको घर गए । सीबीआईका अधिकारीहरूले उनको परिवारका सदस्यहरूसँग सोधपुछ गरेका छन्। तुफान बिहान कामको लागि बाहिर गएको उनको परिवारले जनाएको छ । तर, विगत तीन–चार दिनदेखि दोकान बन्द भएको क्षेत्रका बासिन्दाहरूले बताएको छ । सुत्र अनुसार उनी फरार रहेको बताइएको छ । अहिले पनि खोजी अभियान जारी छ।

****** ० ******

**सीएम ममता ब्यनार्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जी फेरि एकपटक चोटिल हुनु भएको छ । दुर्गापुरमा चुनाउ प्रचार गर्न जानु भएकी मुक्यमंत्री ममता ब्यानर्जी हेलिकप्टरमा चढ्ने क्रममा लड्नु भएको जानकारी प्राप्त भएको छ । तर उहालाई सामान्य चोट लागेको छ। यद्यपि उहा हेलिकप्टरमा सवार भई सभास्थल तर्फ प्रस्थान हुनुभयो र त्यहाँ पुगेर जनसभालाई पनि सम्बोधन गर्नु भयो । मुख्यमन्त्री ममता ब्यनर्जी आज चुनाउ प्रचारको लागि दुर्गापुर पुग्नु भयेको थियो जहाँ हेलिकप्टरमा चढ्दा उहासंग यो दुर्घटना भयो। तृणमूल कंग्रेस (टीएमसी) सुप्रीमो ममता हेलिकप्टरभित्रै चिप्लेर लडेको भिडियो पनि अघि आएको छ ।

****** ० ******

**बङ्गाल मतदान**

हिज पश्चिम बंगालको रायगञ्ज, बालुरघाट र दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रको मतदानको अन्तिम तथ्याङ्क सार्वजनिक भएको छ। निर्वाचन आयोगले आज दिउँसो तीन लोकसभा निर्वाचन क्षेत्रमा कुल 75.59 प्रतिशत मतदान भएको जानकारी दिएको छ । 2019 मा यी तीन लोकसभा निर्वाचन क्षेत्रहरूमा 80.5 प्रतिशत मतदान भएको थियो। निर्वाचन आयोगको रेकर्ड अनुसार दार्जिलिङमा 71.89 प्रतिशत मतदान भएको थियो भने बालुरघाटमा सबैभन्दा बढी 79.09 प्रतिशत मतदान भएको थियो भने रायगञ्जमा 76.18 प्रतिशत मतदान भएको थियो । यसअघि 19 अप्रिलमा राज्यको तीन लोकसभा निर्वाचन क्षेत्र अलिपुरद्वार, जलपाईगडी र कुचबिहारमा मतदान भएको थियो भने यहा कुल 84.57 प्रतिशत मतदान भएको थियो।

****** ० ******

**संदेशखाली – टिएमसीको पत्र**

दोस्रो चरणको मतदानको दिन गए २६ अप्रेलमा उत्तर २४ परगनाको सन्देशखालीमा भएको सीबीआईको छापामारीलाई लिएर तृणमूल कंग्रेसले चुनाउ आयोगलाई पत्र लेखेको छ। पत्रमाए चुनाउको समयमा विभिन्न स्थानहरूमा भइरहेको केन्द्रिय जाँच एजेन्सीको छापामारीले गर्दा तृणमूल कंग्रेस सहित विपक्षी राजनीतिक दलहरूको छवि धमिलिरहेको उल्लेख गरिएको छए साथै यसको लागि आयोगद्वारा तत्काल गाइडलाइन जारी गरिनु पर्ने माग पनि गरिएको छ ए

****** ० ******

**सन्देशखाली दिलिप घोष**

सन्देशखालीमा शेख शाहजहाँका निकटवर्तीको घरबाट भारी मात्रामा हतियार जफत गर्नको लागि एनएसजी कमाण्डोलाई तैनाथ गर्न परेको सन्दर्भमा भारतीय जनता पार्टी (भाजपा)- का नेता दिलीप घोषले पश्चीम बङ्गालकी ममता ब्यनर्जीमाथि तीव्र प्रहार गर्नु भयेको छ । उहाले भन्नु भयो ए ममताले बंगाललाई पूर्णरूपले बर्बाद बनाइदिएकी छन्। अब तृणमूल कंग्रेसका नेताहरूको घरमा खोजी अभियानको गर्नको लागि सेनालाई नै उतार्नुपर्ने समय पनि आउन सक्छ। बर्दवान दुर्गापुरबाट भाजपा उम्मेद्वार दिलीप घोषले आज बिहान भन्नु भयो ए ष्कल्पना गर्नुहोस्ए यहाँ मतदान गराउनको लागि सीआरपीएफलाई ल्याउनु पऱ्यो। उहाले आज हतियार जफत गर्नको लागि कमाण्डोलाई ल्याउन परेको र यहाको पुलिस बेकाम्मे भएको बताउनु भयो ए

****** ० ******

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले पहाडका सम्पूर्ण मतदाताहरुप्रति आभार प्रकट गर्नु भएको छ ए एक सोशल मिडिया पोस्टमा उहाले भन्नु भयोए हामीले पहाडमा स्थापना गरेको प्रजातन्त्रए सकारात्मकताए शान्तिको प्रमाण हिज स्पष्ट अनुभव गर्न पायौं। यही हो हाम्रो प्रजातान्त्रिक उपलब्धि। पहाडले सुखए शान्ति र समृद्धि खोज्छ भन्ने प्रमाण पनि यही हो। पहाडले केवल मतदान गरेन तर धेरै दिनहरू अघि देखि नै प्रजातन्त्रको उत्सव मनायो। यस उत्सवको समापन आगामी 4 जूनको दिन हुनेछ। उहाले पहाडका मतदाताहरूसंगै पार्टीका कार्यकर्ताहरू केन्द्रिय नेतृत्व देखि बुथ स्तर सम्मका सम्पूर्ण नेतृत्वगण चुनाव आयोगए जिल्ला प्रशासनए पुलिस प्रशासनए केन्द्रिय वाहिनी पहाडका मिडिया अनि पत्र पत्रिकाप्रति पनि आभार प्रकट गर्नु भयो ।

****** ० ******

**दार्जीलिंग ईभीएम**

दार्जीलिंग लोकसभा आसनमा हिज मतदान सकिएपछि आज ईभीएम मशिनहरु स्ट्रङ रुममा राखिएको छ भने स्ट्रङ रूमको दायित्व केन्द्रीय सुरक्षा बलले लिएको छ। ईभिएम मशिन छानबिन प्रक्रिया आज दार्जिलिङ जिल्लापाल प्रियंका गोयल, सिलगढी पुलिस आयुक्तालयका वरिष्ठ पुलिस अधिकारीहरू, महकुमा अधिकारीहरू, खण्ड विकास अधिकारीहरू , पर्यवेक्षकहरू र राजनीतिक दलका उम्मेदवारहरूको चुनाव एजेन्टहरूको उपस्थितिमा पूरा भयो।

****** ० ******

**गोजमुमो मिरिक**

गोर्खा जनमुक्ति युवा मोर्चा मिरिक महकुमाका अध्यक्ष योगेश गोलले हिजो सम्पन्न १८ औ लोकसभा चुनाउमा आफ्नो मत अधिकार प्रयोग गर्ने पहाडको सम्पूर्ण मतदाताहरूप्रति आभार प्रकट गर्नु भएको छ I यसका साथै भविष्यमा विजय हुने उम्मेद्वारलाई अग्रिम शुभकामना व्यक्त गर्नु हुदै सांसद भएर संसद भवनमा पुगेपछि गोर्खा जातिको दिर्घकालिन मागलाई सम्बोधन गरिदिने माग पनि गर्नु भएको छ । गोर्खा जातिले केवल आफूहरूको दिर्घकालिन समस्याको समधानको लागि नै

लोकसभा चुनाउमा मतदान गरेको र यसका लागि भविष्यको सांसदले इमान्दारिताको साथमा काम गर्नु पर्ने कुरोमा पनि गोलेले जोर दिनु भयो ।

****** ० ******

**सिलगढी आगलागि**

सिलगढीको बागडोगरा क्षेत्रको एक लजमा आगलागी भएको छ । आज दिउँसो 12 बजेर 30 मिनटमा आगलागी भएको जानकारी प्राप्त भएको छ । घटनाको जानकारी पाएलगत्तै माटिगडा अग्निशमन विभागको तीनवटा इन्जिन घटनास्थलमा पुगेर आगोलाई नियन्त्रणमा लिएको बताइएको छ । आगलागी सर्ट सर्किटका कारण भएको प्रारम्भिक अनुमान छ । आगलागीबाट लजको छेउमा रहेको आँखा क्लिनिकको केही भागमा पनि क्षति पुगेको अग्निशमन विभागले जनाएको छ ।

****** ० ******

**आशारिका फाउन्डेशन**

आज आशारिका फाउन्डेशन सोनादा रंगबूलद्वारा मिलिङ बस्ती लोवर सोनादा निवासी १९ बर्षीय क्यान्सर रोगी सुमन मोथेलाई आर्थिक सहयोग स्वरुप दस हजार रुपियाँ उनको परिवारलाई उनकै निजी निवासमा पुगेर गरियो I साथै भेलैरस्थित सिएमसी अस्पतालमा पनि फाउन्डेशनले सहयोग गर्ने भएको जानकारी प्राप्त भएको छ I आजको कार्यक्रममा आशारिका फाउन्डेशनका सभापति रित्विक तामाङ्ग, सचिव रुपेश छेत्री र प्रचार प्रसार सन्तोष लामा उपस्थित रहेका थिए ।

****** ० ******

**बङ्गाल मौसम**

पश्चिम बंगालको राजधानी कोलकाता समेत राज्यका अन्य क्षेत्रहरूमा गर्मी बढेको छ । अलिपुरद्वारस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा जारी बयानमा उल्लेख गरिएको छए राजधानी कोलकातामा हिज न्यूनतम तापमान २६ण्३ डिग्री सेल्सियस रेकर्ड गरिएको छ जुन सामान्यभन्दा तीन डिग्री अधिक हो भने अधिकतम तापमान ३६ण्७ डिग्री सेल्सियस छ जुन सामान्यभन्दा चार डिग्री अधिक हो।

मौसम विभाग अनुसार, कोलकाता अतिरिक्त हावड़ाए हुगलीए उत्तर औ दक्षिण २४ परगनाए पूर्व औ पश्चिम मेदिनीपुरए पुरूलियाए बाँकुड़ा समेत राज्यका अन्य भागहरूमा तापमान ३२ देखि ४२ डिग्री सेल्सियसबीच कायम छ। दक्षिण बंगालमा लूको यल्लो अलर्ट जारी गरिएको छ।

उत्तर बंगालका अलिपुरद्वारए कुचबिहारए जलपाईगुड़ीए दार्जीलिङ तथा कालेबुङ पनि तापमान ३५ देखि ४० डिग्री सेल्सियसबीच कायम रहेको अनि आगामी सप्ताहदेखि तापमान अझ बढ्ने बताएको छ ।

****** ० ******

**आइपिएलमा**

पुरुष आइपिएलमा दिल्लीको अरुण जेटली स्टेडियममा दिल्ली क्यपिटल्स अनि मुम्बई इन्डीयन्समाझ म्याच जारी रहेको छ I पहिला ब्याटिंग गर्ने क्रममा दिल्ली क्यपिटल्सले निर्धारित २० ओभरमा चार विकेट गुमाउदै 257 रन बनाएको थियो भने मुम्बई इन्डीयन्सलाई जितको लागि 258 रनको लक्ष्य दिएको छ I अर्कोतिर दिल्ली क्यपिटल्सले दिएको लक्ष्यलाई पछ्याउने क्रममा मुम्बई इन्डीयन्सले 13 ओवरमा 5 विकेटको नोक्सानमा 141 रन बनाएर खेली रहेको छ I

****** ० ******